महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार ०९ गते, शुक्रवार

माननीय महालेखापरीक्षकज्यूबाट महालेखा नियन्त्रकको उपस्थितिमा संवैधानिक निकाय, नेपाल सरकारका मन्त्रालय, विभाग र अन्य केन्द्रीय स्तरका कार्यालयका लेखा प्रमुखकहरु सँग लेखा, लेखापरीक्षण र सम्परीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो ।

कार्यक्रममा आर्थिक कारोवारको लेखा राख्दा वस्तुपरक तवरले राख्ने, आन्तरिक लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने, आन्तरिक नियन्त्रण प्रणाली सुधार गर्ने, लेखाका सर्वमान्य सिद्धान्त,मानदण्ड,विद्यमान नीति निर्देशनको पूर्णपालना गरी लेखा राख्ने, पेशागत इमान्दारीता र जिम्मेवारी बोध गरी, वित्तीय प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र जवाफदेही बनाई वित्तीय सुशासनको प्रत्याभूत गराउन निर्देशन दिनुभयो ।

सोही अवसरमा महालेखापरीक्षकज्यूबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा आर्थिक कारोवारमा संलग्न जिम्मेवार पदाधिकारीद्वारा सम्पादित कार्यहरुको किटानी सहित प्रतिवेदन गर्ने व्यहोरा उल्लेख गर्नुभयो । यसैगरी, लेखापरीक्षणको क्षेत्रमा अन्तराष्ट्रियस्तरमा आएका नविनतम् अभ्यासलाई अनुसरण गरी लेखापरीक्षण प्रणालीलाई प्रभावकारी र विश्वसनिय पार्ने दिशामा महालेखापरीक्षकको कार्यालय अग्रसर रहेको जानकारी दिनुभयो ।

...............

उद्धवचन्द्र श्रेष्ठ
नायव महालेखापरीक्षक